विराटनगर महानगरपालिका

बैठक संख्याः ३

मितिः २०७४/०४/२६

बैठक प्रारम्भः ३.००

बैठक स्थगनः ६.००

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूवावु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री विना मण्डल | |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री दिपक कोइराला | |

निर्णय नं. १

नेपालको संविधानको धारा २१८ बमोजिम नगर कार्यपालिकाले आफ्नो कार्य विभाजन गर्न तर्जुमा गरेको पाना संख्या ३१ नियम ९ तथा अनुसुची ५ भएको नगर कार्यपालिका कार्यविभाजन नियमावली २०७४ स्वीकृत गरी प्रमुखबाट प्रमाणीकरण भएपछि लागु गर्ने निर्णय गरियो।

निर्णय नं. २

नेपालको संविधानको धारा २१४ को उपधारा (५) बमोजिम तर्जुमा गरिएको परिच्छेद ४ नियम १६ पाना ५ भएको विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण कार्यविधी नियमावली २०७४ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ३

विराटनगर महानगरपालिका वडा नं. १ स्थित श्री राधाकृष्ण मन्दिर परिसरवाट वि.सं. २०२५ सालवाट हरेक बर्ष ३ देखी ५ लाख भक्तजनको सहभागितामा निरन्तर रुपमा संचालन हुदै आएको विराटनगरको ऐतिहासिक रथ यात्रा महोत्सव २०७४, ५०औं संस्करण महामहिम राष्ट्रपतिको समुपस्थितिमा यहि आषाढ ३१ गते हुने भएकोले मिति २०७४/०४/१७ को नगर कार्यपालिका बैठकवाट स्विकृत नगर कार्यपालिका (कार्यसम्पादन) नियमावलि २०७४ को अनुसुचि १ को क्रम संख्या १४ बमोजिम स्थानीय सार्वजनिक विदा दिन बैठकमा प्रस्तावित प्रस्ताव सर्वसम्मतिले पारित गरी उक्त दिन स्थानीय सार्वजनिक विदा दिने निर्णय गरियो।

निर्णय नं. ४

विराटनगर महानगरपालिकामा हरेक वर्ष प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तयार गर्न निम्न अनुसारको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| १. प्रमुख - श्री भीम पराजुली | संयोजक |
| २. उप-प्रमुख - श्रीमती इन्दिरा कार्की | सदस्य |
| ३. कार्यकारी अधिकृत - श्री दिपक कोइराला | सदस्य |
| ४. कार्यपालिका सदस्य - श्री अरुण खेतान | सदस्य |
| ५. कार्यपालिका सदस्य - श्री शिला श्रेष्ठ | सदस्य |
| ६. कार्यपालिका सदस्य - श्री चम्पा देवी खत्री | सदस्य |
| ७. योजना महाशाखा प्रमुख - | सदस्य सचिव |

निर्णय नं. ५

महानगरपालिकाको श्रोत अनुमान समितिले वडागत योजना तथा कार्यक्रम छनौटका लागि वडा कार्यालयहरुलाई २ दिन भित्र सिलिङ उपलब्ध गराउने तयारी प्राप्त भएपछि सबै वडा समितिहरुले वडा भेला गरी निर्धारित सिलिङ भित्र रहेर आफ्ना योजना तथा कार्यक्रम ५ दिन भित्र विषयगत समितिमा पेश गरिसक्ने निर्णय गरियो।

निर्णय नं. ६

यस महानगरपालिकाको कार्यक्षेत्र भित्र राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी हरेक वर्ष प्राप्त हुनसक्ने राजश्वको अनुमान गर्न देहाय बमोजिमको राजश्व परामर्श समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| - उप प्रमुख- श्रीमति इन्दिरा कार्की | संयोजक |
| - कार्यकारी अधिकृत - श्री दिपक कोइराला | सदस्य |
| - कार्यपालिका सदस्य - अरुण खेतान | सदस्य |
| - कार्यपालिका सदस्य - गायत्री कुमारी दास | सदस्य |
| - उद्योग संगठन प्रतिनिधी | सदस्य |
| - व्यापार संगठन प्रतिनिधी | सदस्य |
| - राजश्व महाशाखा प्रमुख | सदस्य सचिव |

निर्णय नं. ७

यस महानगरपालिकाको नगर कार्यपालिकामा निर्णयका लागि पेश भएका प्रस्तावमा निर्णय गर्नु पूर्व आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिनका लागि निम्न अनुसार विषयगत कार्यपालिका समितिहरू गठन गर्ने र उक्त समितिहरूमा निम्न बमोजिमका संयोजक तथा सदस्यहरू रहने निर्णय गरियो।

१) सार्बजनिक सेवा तथा क्षमता विकास समिति

| | |
|---|---|
| - कार्यपालिका सदस्य - विनोद कुमार बस्नेत | संयोजक |
| - " - राजेश भुजेल | सदस्य |
| - " - बिना मण्डल | सदस्य |
| - " - असलम आलम | सदस्य |
| - " - कुमार पोखरेल | सदस्य |

२) सामाजिक विकास समिति

| | |
|---|---|
| - कार्यपालिका सदस्य - बलदेव यादव | संयोजक |
| - " - कुमार पोखरेल | सदस्य |
| - " - विश्वनाथ भगत | सदस्य |
| - " - कमला सुब्बा | सदस्य |
| - " - तिर्थेन्द्र न्यौपाने | सदस्य |

३) पूर्वाधार विकास समिति

- कार्यपालिका सदस्य - देबेन्द्रराज पोखरेल संयोजक
- " - उद्धव अर्याल सदस्य
- " - हिरालाल कामत सदस्य
- " - सुशिला पोखरेल सदस्य
- " - मीन कुमार आचार्य सदस्य

४) विधेयक समिति

- कार्यपालिका सदस्य - मीन कुमार आचार्य संयोजक
- " - निश्चल अर्याल सदस्य
- " - माधव राज वाग्ले सदस्य
- " - बलदेव यादव सदस्य
- " - समिम कमर सदस्य

५) आर्थिक विकास समिति

- कार्यपालिका सदस्य - मनोज सुब्बा संयोजक
- " - समिम कमर सदस्य
- " - सुशिला पोखरेल सदस्य
- " - मधुबाबु तिवारी सदस्य

६) वातावरण तथा विपद व्यवस्थापन समिति

- कार्यपालिका सदस्य - विजय कामत संयोजक
- " - झरीलाल महतो सदस्य
- " - निश्चल अर्याल सदस्य
- " - बद्रीनारायण सरदार सदस्य

७) बजार अनुगमन समिति

- कार्यपालिका सदस्य - निश्चल अर्याल संयोजक
- " - विश्वनाथ भगत सदस्य
- " - माधव वाग्ले सदस्य
- " - झरीलाल महतो सदस्य

निर्णय नं. ८

बजेट सीमा निर्धारण समितिबाट तयार भएको आयको प्रक्षेपण र वितरणको खाकामा आधारीत भई नेपालको संविधानको धारा २३० बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो।

- उप प्रमुख - श्रीमति इन्दिरा कार्की संयोजक
- कार्यपालिका सदस्य - बिनोद कुमार बस्नेत सदस्य

- " - तिर्थेन्द्र न्यौपाने सदस्य
- " - उद्धव अर्याल सदस्य
- " - संजय शाह सदस्य
- " - असलम आलम सदस्य
- " - शिला श्रेष्ठ सदस्य
- कार्यकारी अधिकृत सदस्य सचिव

निर्णय नं. ९

ऐतिहासिक स्थानीय तह निर्वाचन २०७४ बाट निर्वाचित भएर आउनुभएका नवनिर्वाचित जनप्रतिनिधिहरुले पदभार ग्रहण गरे पछिको प्रथम नगर सभा मिति २०७४/०५/१८ गते गर्ने तथा उक्त सभामा आमन्त्रण गरिने प्रमुख अतिथि लगायतका अतिथिहरू निर्धारण गर्ने जिम्मेवारी श्रीमान् प्रमुख ज्यूलाई दिने निर्णय गरियो।

निर्णय नं. १०

यस नगर कार्यपालिकाले सम्पादन गरेको कार्य वा निर्णयहरू सार्वजनिक जानकारीमा ल्याउन तथा कार्यपालिकाको तर्फबाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सुचना, वक्तव्य, विज्ञप्ति सार्वजनिक गर्न वडा नं. १ का वडाध्यक्ष श्री उद्‌व अर्याल ज्यूलाई यस नगर कार्यपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो।

निर्णय नं. ११

नगरपालिकाका स्थायी कर्मचारीहरूलाई कर्मचारी कल्याण कोषबाट ऋण सापटी उपलब्ध गराउँदै आएको सुविधा रकम बढीमा ५ लाखका साथै अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरूलाई स्थायी कर्मचारीको जमानिमा बढिमा १ लाख रुपैंयासम्म कर्मचारी कल्याण कोषबाट सापटी दिन श्रीमान् प्रमुख ज्यूलाई अधिकार दिने निर्णय गरियो।

निर्णय नं. १२

यस बिराटनगर महानगरपालिकाबाट कुनै व्यक्ति वा संघसंस्था उपर कुनै पनि अड्डा अदालतमा फिरादपत्र, रिट निवेदन, उजुरी दायर गर्नु परेमा सो गर्न एवं यस महानगरपालिका उपर कसैले दायर गरेको फिरादपत्र, रिट निवेदन, पुनरावेदन पत्र, उजुरीको विषयमा प्रतिउत्तर पत्र, लिखित जवाफसमेत पेश गर्नु परेमा सो समेत गर्न, मुद्दा मामिलामा कानुन व्यवसायी मुकरर गर्न तथा मुद्दा मामिलाको शिलशिलामा आवश्यक पर्ने जुनसुकै कानुनी कारवाही गर्न समेतका लागी यस बिराटनगर महानगरपालिकाका उप-प्रमुख श्रीमति इन्दिरा कार्की लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १३

विराटनगर महानगरपालिकाको नगर सभाबाट आ.व.२०७४।७५ को वार्षिक नीति, कार्यक्रम तथा वजेट पारित भई नसकेको अवस्थामा नगर सभा बस्नुभन्दा अघि विशेष वाल भेला सहितका कार्यक्रमहरू संचालन गर्न यूनिसेफ विराटनगरबाट रकम रू. १०,४०,८५०। प्राप्त भईसकेकाले मिति २०७३ साल पुष २८ गतेको ३३ औं नगर परिषदबाट पारित वजेट शिर्षक नं.८.०१.२ को उपशिर्षक ८.०१.२.३(१२२) र ८.०१.२.१.५.३(१)बमोजिम कार्यक्रमलाई नियमित अगाडी बढाउन स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १४

विराटनगर महानगरपालिकाको आ.व. २०७४।०७५ को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १५

विराटनगर महानगरपालिका वडा नं. ३ वडा कार्यालय बस्दै आएको भवन कोठा अपुग भई मिति २०७४।०४।१६ मा कम्तिमा ४ कोठे भवनको ७ दिने सार्वजनिक सुचना प्रकाशन गर्दा पर्न आएका ३ दरखास्तमध्ये सबैभन्दा घटि कबोल गर्ने सविना दाहाल तिम्सिना, वडा नं. ३ कञ्चनबारीको कबोल रकम मासिक रू. १०,०००। (दश हजार मात्र, कर बाहेक) स्वीकृत गरी घर भाडामा लिने तथा साविकको घर भाडाको सम्झौता खारेज गर्ने निर्णय गरियो।